वन ऐन २०७६, वन नियमावली २०७९, वातावरण संरक्षण ऐन २०७६ र
वातावरण संरक्षण नियमावली २०७७ अनुसार तयार गरिएको

# वातावरणीय अध्ययन र वन क्षेत्रको जग्गा अन्य प्रयोजनमा प्रयोग गर्दा अपनाउनु पर्ने कार्यविधि




राष्ट्रिय वन क्षेत्रमा निर्माण भएको नारायणगढ-बुटवल खण्डको २२० के.भि. प्रसारण लाइन, गैडाकोट

संकलन तथा सम्पादन
पूर्णेश्वर सुबेदी

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
वन निर्देशनालय

## डिभिजन वन कार्यालय लमजुङ

बेसिशहर

# विषयसूची


खण्ड १ वातावरणीय अध्ययन सम्वन्धमा अपनाउनु पर्ने कार्यविधि

१.१ पृष्ठभूमी ........ ६
१.२ वातावरण परिचय ........ ७
१.३ वातावरणीय तत्वहरु वीच सम्वन्ध ........ ७
१.४ वातावरणीय अध्ययन के हो ? ........ ७
१.५ वातावरणीय अध्ययन किन गरिन्छ ? ........ ८
१.६. वातावरणीय अध्ययनका प्रकार ........ ८
१.७ वातावरणीय अध्ययनमा प्रस्ताव के हो ? प्रस्तावक को हुन्छ? ........ ९
१.८ वातावरणीय अध्ययन कसले गराउनु पर्दछ? ........ ९
१.९ कस्तो प्रस्तावमा (योजनामा) कुन वातावरणीय अध्ययन गर्नु पर्दछ ? ........ ९
१.१० वातावरणीय अध्ययनको प्रस्ताव स्वीकृतीको लागि पेश गर्ने निकाय कुन हुन? ........ १०
१.११ वातावरणीय अध्ययन नगरी पूर्वाधार निर्माण गर्दाको असर/परिणाम ........ ११
१.१२ वातावरणीय अध्ययन नगरी योजना कार्यान्वयन गर्दा हुने जरिवाना र क्षतिपूर्ति ........ ११
१.१३ निष्कर्ष ........ १२

खण्ड २ राष्ट्रिय वन क्षेत्रको जग्गा अन्य प्रयोजनमा प्रयोग गर्दा अपनाउनु पर्ने कार्यविधि

२.१ पृष्ठभूमी ........ १४
२.२ राष्ट्रिय वन क्षेत्र नपर्ने गरी विकास आयोजना तर्जुमा गर्नु पर्ने ........ १५
२.३ वातावरणीय अध्ययनले मात्र राष्ट्रिय वन क्षेत्रमा योजना कार्यान्वयन गर्न नपाईने ........ १५
२.४ प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्नु पर्ने ........ १५
२.५ राष्ट्रिय वन क्षेत्र प्रयोगको लागि निवेदन दिने ........ १६
२.६ पुनःविचारको लागि पठाउने ........ १६
२.७ स्थलगत विवरण माग गरी लेखि पठाउने ........ १६
२.८ नेपाल सरकारले स्वीकृति दिन सक्ने ........ १७
२.९ विकास आयोजनाले जग्गा उपलब्ध गराउनु पर्ने ........ १७
२.१० जग्गाको विवरण पेश गर्ने र स्थलगत चेकजाँच ........ १८

२.११ जग्गाको रजिस्ट्रेसन पारित र वन क्षेत्र कायम गर्ने ........................................ १८
२.१२ जग्गा प्राप्त नभएमा रकम जम्मा गर्नु पर्ने ................................................... १९
२.१३ विकास आयोजना र विभाग वीच सम्झौता ................................................... १९
२.१४ सम्झौता गरिसकेको विकास आयोजनाले रकम बुझाउने ................................... १९
२.१५ क्षति न्यूनीकरणका उपाय अपनाउनु पर्ने ...................................................... १९
२.१६ क्षतिपूर्ति उपलब्ध गराउने ......................................................................... २०
२.१७ वनक्षेत्रमा प्रवेशको लागि इजाजत लिनु पर्ने ................................................. २०
२.१८ रुख हटाउने सम्बन्धी व्यवस्था ................................................................ २१
२.१९ वन पैदावारको व्यवस्थापन गर्नु पर्ने ......................................................... २१
२.२० सट्टा जग्गामा बृक्षारोपण र वन क्षेत्र हस्तान्तरण गर्नु पर्ने ................................. २२
२.२१ खनिज कार्यका लागि वनक्षेत्र प्रयोग गर्न सक्ने ............................................... २२
२.२२ निर्देशन पालनाको प्रावधान ...................................................................... २२
२.२३ स्वीकृति नलिई वन क्षेत्रमा पूर्वाधार निर्माण गरे/गराएमा हुने कसूर र सजाय .......... २२
२.२४ निष्कर्ष ................................................................................................ २३

# खण्ड - १

# वातावरणीय अध्ययन सम्बन्धमा अपनाउनु पर्ने कार्यविधि

## १.१ पृष्ठभूमी

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ वातावरणको मौलिक हकको सुनिश्चित गरेको छ। विकास र वातावरण वीच सन्तुलन कायम राख्ने, औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्ने, प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरु अवलम्बन गर्ने, देशका प्रकृतिक स्रोतहरुको उपयोग गर्दा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्ने, जन साधारणमा वातावरणीय स्वच्छता सम्वन्धी चेतना बढाउने नीतिको मार्गदर्शन संविधानले गरेको छ।

संवैधानिक व्यवस्थालाई कार्यरुप दिन स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकारको संरक्षण गर्न; वातावरणीय प्रदुषण वा ह्रासबाट हुने क्षति बापत पीडितलाई प्रदुषकबाट क्षतिपूर्ति दिलाउन; वातावरण र विकास वीच समुचित सन्तुलन कायम गर्न; प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकूल वातावरणीय प्रभाव न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको चुनौतिलाई सामाना गर्ने मूलभूत उद्देश्य राखी वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ निर्माण भै कार्यान्वयनमा रहेको छन्। त्यस्तै वातावरणीय अध्ययन प्रतिवेदन, वातावरणीय व्यवस्थापन योजना र वातारणीय लेखा परीक्षण कार्यलाई सरल रुपमा स्थलगत रुपमा कार्यान्यवन गर्न/गराउन विषयगत क्षेत्रमा निर्देशिका, मार्गदर्शन तयार गरिएका छन्।

राज्यद्धारा निर्माण गरिएका उल्लेखित कानूनहरुको पालना गर्नु/गराउनु सार्वजनिक पदमा आसिन हामी सबै जनप्रतिनिधि, कर्मचारी र नागरिकहरुको कर्तब्य र जिम्मेवारी हो। वातावरणीय कानूनहरुमा राज्यको विकास र समुन्नतिका लागि प्रस्ताव गरिएका सामाजिक एवं भौतिक पूर्वाधार योजनाहरु कार्यान्वयनको लागि वातावरणीय अध्ययन गर्ने/गराउने, योजनाको कार्यान्वयन गर्दा स्थानीय भौतिक क्षेत्र, जैविक क्षेत्र, सामाजिक-आर्थिक र साँस्कृतिक क्षेत्रमा हुन सक्ने संभावित वातावरणिय असर तथा प्रभावलाई संबोधन गर्ने, सुझाउने र बैकल्पिक उपायको अबलम्वन गर्नु पर्ने व्यवस्थाको पालना तथा प्रबन्ध समेत गर्नु पर्दछ।

संघीय सरकार वा प्रदेश सरकार वा स्थानीय तहका निकाय/कार्यालयबाट प्रचलित वातावरणीय कानून र प्रकृयाको पालना नगरी सामाजिक तथा पूर्वाधार निर्माणका कार्यक्रम कार्यान्वयन गर्न खोज्ने प्रवृति देखिएको छ। वन क्षेत्रसंग सम्वन्धित विषयमा प्रचलित कानूनको पालना गरेर योजना संचालन तथा कार्यान्वयन गर्न सम्वन्धित निकायमा अनुरोध गर्ने कार्य डिभिजनल वन कार्यालयले गर्दै आएको छ।

नेपालको संविधान; वातावरण संरक्षण ऐन, २०७६; वातावरण संरक्षण नियमावली, २०७७ मा व्यवस्था भएनुसार वातावरणीय अध्ययन गर्दा अपनाउनु पर्ने कार्यप्रकृयाको बारेमा सर्वसाधारण नागरिक र सार्वजनिक निकायका पदाधिकारीहरु, पत्रकार तथा वातावरणीय क्षेत्रमा चासो राख्ने सवैमा जानकारी दिने उद्देश्यले यो पुस्तिका तयार गरिएको छ। वातावरणीय अध्ययन सम्वन्धमा अपनाउनु पर्ने विस्तृत कार्य प्रकृयाका वारेमा देहायका बुँदाहरुमा उल्लेख गरिएको छ।

## १.२ वातावरण परिचय

वातावरण सजीव प्राणीहरुको लागि अपरिहार्य छ । स्वस्थ वातावरणले गर्दा पृथ्वीमा मानिस लगायत सम्पूर्ण जीव अस्तित्वमा रहेका छन् । मानिसको आधारभूत जीवन प्रणाली पृथ्वीको वातावरणमा निर्भर रहेको छ । वातावरणबाट हामीले स्वासप्रश्वासको लागि हावा, पिउनको लागि पानी, खानाको लागि खाद्यान्न, बस्नको लागि जमिन र हावापानी पाईरहेका छौं । यसले गर्दा पृथ्वी सबै प्राणीहरुको लागि बस्न योग्य भएको छ । हामीले हामी बसेको स्थान वरीपरी के देखिरहेका छौं र अनुभव गरिरहेका छौं, त्यो नै हाम्रो वरिपरीको वातावरण हो । पृथ्वीमा रहेका जैविक (जीवित) तथा अजैविक (निर्जिव) तत्वहरुको सामुहिक स्वरुप र तिनीहरु बीचको सन्तुलित अन्तरक्रिया एवं अन्तर सम्वन्धबाट उत्पन्नपरिवेश वा अवस्थालाई वातावरण बुझाउँछ । वातावरण ऐन, २०७६ ले पनि प्राकृतिक, साँस्कृतिक र सामाजिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलाप, यिनका तत्वहरु तथा ती तत्वहरुको बीचको अन्तरक्रिया तथा अन्तर सम्वन्धलाई वातावरण सम्झनु पर्दछ भनी परिभाषित गरेको छ । वातावरण, पारिस्थितिक प्रणाली र जैविक विविधताको संरक्षण वीच अन्योन्यास्रित सम्वन्ध छ । जैविक विविधताको संरक्षण र विभिन्न पारिस्थितिकीय प्रणालीहरुले वातावरण सन्तुलनमा महत्वपूर्ण भूमिका खेल्दछन् ।

## १.३ वातावरणीय तत्वहरु वीच सम्वन्ध

वातावरणमा मुख्य रुपमा भौतिक र जैविक तत्व (अवयव वा कम्पोनेन्ट समेत भन्ने गरिएको) रहेका हुन्छन् । भौतिक तत्वले खास गरी निर्जीव वस्तु/पदार्थ वा उर्जा जनाउँछ । यसमा भौगोलिक अवस्थिति, हावा, पानी, भौगर्भिक बनावट, माटो, आकाश, ताप आदि पर्दछन् । जैविक तत्वमा सम्पूर्ण सजीव वा जीवित प्राणीहरु जस्तैः सम्पूर्ण वनस्पति, प्राणी र अति सूक्ष्म जीवहरू पर्दछन् । यी दुवै तत्व वीच आन्तरिक वा बाह्य रुपमा निरन्तर अन्तरक्रिया र साझेदारी भई रहेको हुन्छ । पृथ्वीको प्राकृतिक वातावरणमा उपलब्ध हावा, पानी, माटो, तापबाट प्राणी र वनस्पतिहरुले आफूलाई हुर्कन, बाँच्न, अस्तित्व कायम राख्न र साहराको लागि चाहिने विभिन्न तत्व, खनिज पदार्थ, उर्जा आदि प्राप्त गर्दछन् । यसरी यी दुवै तत्व वीच अन्तर क्रियात्मक सम्बन्ध रही रहेको हुन्छ । यी तत्वहरुको अद्धितीय सम्वन्धले नै पृथ्वीमा सन्तुलित वातावरण कायम राख्न मदत गरिरहेका छन् । स्वस्थ्य र सहज जीवनयापनका लागि वातावरणीय सन्तुलन हुनु अपरिहार्य छ ।

## १.४ वातावरणीय अध्ययन के हो ?

विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको कुनै पनि विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोग परिवर्तन गर्ने कुनै आयोजना वा योजना वा कार्यक्रमले विद्यमान भौतिक, जैविक, रासायनिक, सामाजिक, आर्थिक र साँस्कृतिक वातावरणमा कुनै न कुनै किसिमले असर तथा प्रभाव पार्दछ । यस्ता असर वा प्रभावहरु सकारात्मक वा नकारात्मक दुबै हुने गर्दछन् । कुनै योजना कार्यान्वयन गर्दा त्यसले विद्यमान वातावरणीय अवस्थामा पार्ने सकारात्मक प्रभावलाई बढावा दिने, नकारात्मक प्रभावलाई न्यूनीकरण गर्नुका साथै आवश्यक बैकल्पिक उपायको खोजी गरी सिफारिस वा सुझाउन गरिने अध्ययनलाई वातावरणीय अध्ययन भनिन्छ । यस्ता वातावरणीय अध्ययनलाई प्रतिवेदनको रुपमा तयार गरिन्छ । वातावरण संरक्षण ऐन, २०७६ ले वातावरणीय अध्ययन प्रतिवेदनमा प्रस्तावित योजनाको आकार र प्रकृति हेरी संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकनलाई समावेश गरेको छ ।

## १.५ वातावरणीय अध्ययन किन गरिन्छ ?

पृथ्वी सबैको प्राणीहरुको साझा घर हो । पृथ्वीमा रहेका लाखौं जीवजन्तुहरु मध्ये मानिस एक हो । मानिसले आफ्नो सुख, सुविधा, सयल, आनन्द र भोगविलासको लागि राष्ट्रिय वन क्षेत्रमा भौतिक पूर्वाधारहरु जस्तैः बाटो घाटो, पुल पुलेसा, नहर, कूलो, भवन, विद्युत गृह, सुरुङ, सडक, पोखरी, जलाशय, विद्युत उत्पादन गृह, औद्योगिक क्षेत्र, बसपार्क, हवाइ मैदान, हस्पिटल, कलकारखाना, रसायन लगायत अन्य सामाग्री उत्पादन गर्ने उद्योग आदि बनाई रहेका छन् । यस्ता विकास नाममा गरिएका क्रियाकलापले एकातर्फ प्राकृतिक भू-उपयोगमा परिवर्तन भएको छ भने अर्को तर्फ नियमित रुपमा चलिरहेको प्रकृति, प्राकृतिक वातावरण र जीवजन्तुमा प्रत्यक्ष र परोक्ष प्रभाव पारिरहेको छ । यी प्रस्तावहरुले निर्माण अगाडी, निर्माणाधिन र संचालन चरणमा मौजुदा वातावरणका भौतिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक र रासायनिक पक्षमा असर तथा प्रभाव पार्दछ । प्रस्ताव कार्यान्वयन गर्दा भौतिक वातावरणका सूचकहरु (जस्तैः बायु, जल र ध्वनीको अवस्था, भौगर्भिक संरचना, भू-क्षय, पहिरो जस्ता जोखिम) मा के कस्तो असर र प्रभाव पार्दछ? त्यस्तै जैविक वातावरणका सूचकहरु (वन जंगल तथा वनस्पति, गैहकाष्ठ वन पैदावार, दुर्लभ तथा संकटापन्न जीवजन्तु तथा वनस्पति, संरक्षित क्षेत्र आदि) मा के कस्ता परिवर्तन हुन सक्छन् त्यस्तै स्थानीय समुदाय र त्यसको वरिपरिको सामाजिक, आर्थिक तथा साँस्कृतिक वातावरणका सूचकहरु (शिक्षा, स्वास्थ्य र सरसफाई, कृषि, रोजगारी, बसाइसराई, वातावरणीय सौन्दर्यता, लैंगिक सवाल, धार्मिक तथा सांस्कृतिक स्थिति, साँस्कृतिक रीति रीवाज, सामाजिक स्थिति आदि ) मा के कस्तो प्रभाव पर्न सक्छन्? त्यस्तै औद्योगिक क्षेत्रबाट निस्काशन हुने ठोस, तरल, ग्याँस, ध्वनी, धुलो तथा रसायनिक पदार्थका कारण विद्यमान जैविक र भौतिक वातावरणमा पर्ने सक्ने असर तथा प्रभाव के कस्ता देखिन सक्छन्? तिनीहरुका प्रभावको शुक्ष्मरुपमा पहिचान, आँकलन, तह निर्धारण, उल्लेखनियताको प्रक्षेपण गरी दिने र संम्वोधन गर्ने उपायहरू सुझाउने र सिफारिस गर्ने कार्य वातावरणीय अध्ययनले गर्दछ ।

माथि उल्लेखित विभिन्न क्षेत्रमा पर्न जाने असर तथा प्रभाव सकारात्मक हो भने त्यसलाई प्रभावलाई बढावा दिने उपायहरु के के हुन सक्छन्? असर तथा प्रभाव नकारात्मक पर्ने हो भने त्यस्ता प्रस्तावलाई कस्ता उपायहरु अवलम्बन गरी न्यूनीकरण गर्ने साथै विद्यामान अवस्थामा कार्यान्वयन गर्न नहुने प्रस्ताव रहेछ भने सो स्थान, डिजाईन र क्षमता परिवर्तन गरी बैकल्पिक उपायहरु (निरोधात्मक, सुधारात्मक र क्षतिपूर्तिको व्यवस्था) अपनाई सम्बोधन गर्न सकिन्छ? सोको खोजी गरी सुझाउने कार्य वातावरणीय अध्ययनले गर्दछ ।

## १.६. वातावरणीय अध्ययनका प्रकार

वातावरण संरक्षण ऐन, २०७६ मा चार प्रकारका वातावरणीय अध्ययन बारेमा उल्लेख गरिएको छ । तिनीहरुमा संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्यांकन र पूरक वातावरणीय प्रभाव मूल्यांकन पर्दछन् । कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले विद्यमान वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्वन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायद्धारा निराकरण वा न्यूनीकरण गर्न वातावरण संरक्षण नियमावली, २०७७ को अनुसूची (१) का प्रस्तावका लागि अवलम्बन गरिने उपायको सम्वन्धमा संक्षिप्त रुपमा गरिने अध्ययन संक्षिप्त वातावरणीय अध्ययन हो भने विश्लेषणात्मक रुपमा अनुसूची (२) का प्रस्तावका लागि गरिने अध्ययन तथा मूल्यांकन प्रारम्भिक वातावरणीय परीक्षण हो । साथै उल्लेखित विषय कै सम्वन्धमा विस्तृत रुपमा अनुसूची (३) का प्रस्तावका लागि गरिने अध्ययन तथा मूल्यांकन वातावरणीय प्रभाव मूल्यांकन हो । एक पटक स्वीकृत भइसकेको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा आँशिक रुपमा भौतिक पूर्वाधार, डिजाइन वा स्वरुपमा परिमार्जन गर्न, संरचना स्थानान्तरण वा फेरबदल गर्न, वन क्षेत्र थप गर्न वा आयोजनाको क्षमता बृद्धि

गर्नको लागि पेश भएको प्रस्ताव उपर पुनः गरिने वातावरणीय अध्ययन पूरक वातावरणीय प्रभाव मूल्यांकन हो ।

## १.७ वातावरणीय अध्ययनमा प्रस्ताव के हो ? प्रस्तावक को हुन्छ?

प्राकृतिक रुपमा रहेको विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको कुनै पनि विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोग परिवर्तन गर्ने वातावरण संरक्षण नियमावली २०७७, को अनुसूची (१), (२) र (३) मा उल्लेखित योजनाहरु संचालन गर्ने सम्वन्धमा तयार भएको दस्तावेजलाई प्रस्ताव भनेर बुझिन्छ । कुनै पनि प्रस्ताव स्वीकृतिको लागि निवेदन दिने वा प्रस्ताव कार्यान्वयन गर्न स्वीकृति प्राप्त व्यक्ति वा सरकारी/अर्धसरकारी/गैहसरकारी निकाय वा संस्थालाई प्रस्तावक भनिन्छ । जुन निकायले योजना प्रस्ताव गर्दछ, त्यसको कार्यान्वयन गर्ने योजना बनाउँछ, सोको संभाव्यता अध्ययन गरी विस्तृत प्रस्ताव दस्तावेज (डिपिआर) तयार गर्दछ साथै सोको विस्तृत तथा लागत अनुमान तयार तथा स्वीकृत गरी योजनाको कार्यान्वयनको लागि ठेक्का आह्वान गर्दछ र ठेकेदार/समुह/समितिसंग सम्झौता गरी योजना कार्यान्वयन गर्न कार्यादेश दिन्छ त्यही सरकारी/ग्रैहसरकारी निकाय, संस्था वा व्यक्ति नै प्रस्तावक हो । अझ सरल रुपमा बुझ्नु पर्दा स्थानीय तहले कार्यान्वयन गर्ने सबै योजनाको प्रस्तावक स्था नीय तह नै हो भने संघ वा प्रदेश सरकार मातहत रहेका सरकारी तथा ग्रैहसरकारी निकाय/कार्यालय जसमा अख्तियारी गएको हुन्छ, त्यो निकाय/कार्यालय प्रस्तावक हो ।

## १.८ वातावरणीय अध्ययन कसले गराउनु पर्दछ?

प्रचलित कानूनले वातावरणीय अध्ययन गरेर मात्र कार्यान्वयन गर्नु पर्ने प्रस्तावहरु (योजनाहरु) जुन निकाय/संस्था/व्यक्तिबाट कार्यान्वयन हुन गइरहेको छ, सोही निकाय/संस्था/व्यक्तिले अनिवार्य रुपमा वातावरणीय अध्ययन गराउनु पर्दछ । वातावरणीय अध्ययन गराउनु पर्ने भनी प्रचलित कानूनले तोकेका योजनाको अध्ययन नगराई योजना कार्यान्वयन गर्नु/गराउनु हुँदैन । गरेमा प्रचलित कानूनको बर्खिलाप हुन्छ र सो कार्य दण्डनीय हुन्छ । उदाहरणको लागि "क" भन्ने नगर/गाउँपालिकाबाट प्रस्ताव गरिएको वातावरणीय अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने हस्पिटल निर्माणको योजना (प्रस्ताव) सोही "क" भन्ने नगर/गाउँपालिकाले वातावरणीय अध्ययन गराउनु पर्दछ । सो योजनको वातावरणीय अध्ययन गराउने कर्तव्य र जिम्बेवारी सोही "क" भन्ने नगर/गाउँपालिका को हुन्छ । अर्को उदाहरण लिनु पर्दा, प्रदेश मातहतमा रहेको पूर्वाधार विकास कार्यालयबाट प्रचलित वातावरण कानून बमोजिम वातावरणीय अध्ययन गराएर मात्र कार्यान्वयन गर्नुपर्ने प्रदेश सडकको योजना (प्रस्ताव) को लागि बजेट स्वीकृत भएको छ भने सोही पूर्वाधार विकास कार्यालयले नै वातावरणीय अध्ययन गरे/गराएर मात्र योजनाको कार्यान्वयन गर्नु पर्दछ । त्यस्तै, नेपाल विद्युत प्राधिकरणको २२० के.भि. विद्युत प्रशारण लाईन निर्माण आयोजना छ भने सोही प्राधिकरणबाट सो आयोजनाको वातावरणीय अध्ययन गराई सो स्वीकृत गरेर मात्र आयोजना कार्यान्वयन गर्नु पर्दछ । छोटकरीमा जुन निकायले योजना कार्यान्वयन गर्ने हो, त्यही निकायले वातावरणीय अध्ययन गराएर मात्र योजनाको कार्यान्वयन गर्ने/गराउने कर्तव्य र जिम्मेवारी हुन्छ । तसर्थ, वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी सोको स्वीकृत गर्ने निकायबाट स्वीकृत भए पछि प्रचलित प्रकृया अबलम्वन गरेर मात्र सामाजिक विकास तथा पूर्वाधार निर्माणका योजना कार्यान्वयन गर्नु गराउनु संघीय, प्रादेशिक र स्थानीय तहका सरकारी निकायहरु, अन्य सबै संघ संस्था तथा निजी क्षेत्रको कर्तब्य हो ।

## १.९ कस्तो प्रस्तावमा (योजनामा) कुन वातावरणीय अध्ययन गर्नु पर्दछ ?

वातावरण संरक्षण ऐन, २०७६ को दफा (३) मा प्रस्तावकले तोकिए बमोजिमका प्रस्ताव (यसमा प्रस्तावलाई योजना समेत भनिएको छ ) को तोकिए बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्ने छ भनी उल्लेख

गरेको छ। वातावरण संरक्षण नियमावली, २०७७ ले अनुसूची (१), (२) र (३) मा १२ वटा क्षेत्रमा सूचीकृत गरिएका प्रस्तावहरु कार्यान्वयन गर्दा वातावरणीय अध्ययन गर्नु पर्ने भनी उल्लेख गरेको छ (तालिका १)। ती क्षेत्रहरुमा वन क्षेत्र, स्वास्थ्य क्षेत्र, शिक्षा क्षेत्र, पर्यटन क्षेत्र, यातायात क्षेत्र, उर्जा, जलश्रोत तथा सिंचाइ क्षेत्र, खानेपानी क्षेत्र, आवास, भवन तथा बस्ती विकास र शहरी विकास क्षेत्र, फोहरमैला व्यवस्थापन क्षेत्र, उद्योग क्षेत्र, खानी क्षेत्र र कृषि क्षेत्र पर्दछन्। प्रस्तावकले अनुसूची (१) मा उल्लिखित प्रस्तावको हकमा संक्षिप्त वातावरणीय अध्ययन, अनुसूची २ मा उल्लिखित प्रस्तावको हकमा प्रारम्भिक वातावरणीय परीक्षण र अनुसूची ३ मा उल्लिखित प्रस्तावको हकमा वातावरणीय प्रभाव मूल्यांकन गर्नु पर्दछ। ऐनको दफा (७) मा कसैले पनि ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई कुनै पनि प्रस्ताव कार्यान्वयन गर्न वा गराउनु हुँदैन भनी उल्लेख गरेको छ। तसर्थ वातावरणीय अध्ययन गर्नु पर्ने वा नपर्ने कस्तो प्रकारको प्रस्ताव हो, अनुसूची हेरी वातावरणीय अध्ययन गर्नु पर्ने भएमा अनिवार्य अध्ययन गराई प्रस्तावको कार्यान्वयन गर्नु पर्दछ।

तालिका १ : वातावरणीय अध्ययन गर्नुपर्ने बिषयगत क्षेत्रहरु र प्रस्ताव संख्या

| वातावरणीय अध्ययनका प्रकार | क्षेत्र र संख्या | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वन | उद्योग | खानी | सडक | भवन विकास | उर्जा र सिचाई | पर्यटन | खानेपानी | फोहर मैला | कृषि | स्वास्थ | शिक्षा |
| १. संक्षिप्त वातावरणीय अध्ययन | १४ | ४ | २ | २ | ६ | ३ | १ | ० | ० | ० | १ | १ |
| २. प्रारम्भिक वातावरणीय परीक्षण | १८ | ७८ | ७ | ८ | ८ | १६ | ४ | ११ | ६ | १९ | १ | १ |
| ३. वातावरणीय प्रभाव मूल्यांकन | १६ | २८ | ९ | ६ | ७ | १२ | २ | ११ | १६ | ३ | १ | १ |
| जम्मा | ४८ | ११० | १८ | १६ | २१ | ३१ | ७ | २२ | २२ | २२ | ३ | ३ |

## १.१० वातावरणीय अध्ययनको प्रस्ताव स्वीकृतीको लागि पेश गर्ने निकाय कुन हुन?

वातावरण संरक्षण ऐन बमोजिम वातावरणीय अध्ययन गरी तयार भएको वातावरण अध्ययनको प्रस्तावलाई प्रस्तावको गाम्भियर्ता हेरी पेश गर्नुपर्ने निकायको व्यवस्था गरिएको छ। वातावरण संरक्षण ऐन, २०७६ को दफा (३) को उपदफा (२) मा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको लागि तोकिए बमोजिमको प्रकृया पूरा गरी देहायको निकाय समक्ष पेश गर्ने व्यवस्था छ।

(१) राष्ट्रिय प्राथमिकता प्राप्त विकास आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृत भई कार्यान्वयन गरिने आयोजना, राष्ट्रिय गौरवका आयोजना, प्रचलित कानून बमोजिम संघको अधिकार क्षेत्र भित्र पर्ने विषयसंग सम्वन्धित विकास निर्माण सम्वन्धी कार्य वा आयोजना, एक भन्दा बढी प्रदेशमा निर्माण कार्य गर्नु पर्ने आयोजना वा नेपाल सरकारले तोकेको कुनै आयोजना सम्बन्धी प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण भए नेपाल सरकारको सम्बन्धित मन्त्रालयले स्वीकृत गर्नु पर्दछ। जुन मन्त्रालय मातहतको योजना वा आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण तयार गरिएको छ सोही मन्त्रालयलाई अध्ययन/प्रतिवेदन स्वीकृत गर्ने अधिकार रहेको हुन्छ। उदाहरणको कुनै लागि कुनै सडकको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको स्वीकृति भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले गर्दछ। त्यस्तै, कुनै विद्युत आयोजनाको विद्युत प्रशारण लाईनको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनलाई ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले स्वीकृति गर्नु पर्दछ। कुनै मन्त्रालयले कानुन बमोजिम संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्ने अधिकार प्रत्यायोजित गर्न सक्दछ। सो प्रत्यायोजित अधिकार अनुसार मातहतको विभाग वा निकायलले संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गर्न सक्दछ।

नेपाल सरकारका जुन सुकै मन्त्रालय मातहतको निकाय वा लगानी बोर्ड वा आयोजनाको वातावरणीय प्रभाव

मूल्यांकन प्रतिवेदन भए पनि सो प्रतिवेदन नेपाल सरकारको सम्बन्धित मन्त्रालय (सम्पर्क मन्त्रालय) मार्फत वन तथा वातावरण मन्त्रालयमा स्वीकृतिको लागि पठाउनु पर्दछ । प्राप्त हुन आएको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (परिमार्जित समेत) वन तथा वातावरण मन्त्रालयले मात्र स्वीकृत गर्न सक्दछ ।

(ख) प्रदेश सरकारको अधिकार क्षेत्र भित्र पर्ने विषयसंग सम्बन्धित विकास निर्माण सम्वन्धी कार्य वा आयोजनाको वातावरणीय प्रतिवेदन प्रदेश कानूनले तोकेको निकाय समक्ष पेश गर्ने व्यवस्था रहेको छ ।

(ग) स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने विषयसंग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धित स्थानीय कानूनले तोकेको निकाय समक्ष र वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन सम्बन्धित प्रदेश कानूनले तोकेको निकाय समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ । यसरी सम्बन्धित निकाय समक्ष पेश भएका प्रतिवेदन स्वीकृत भए पश्चात कार्यान्वयन गर्नुपर्दछ ।

## १.११ वातावरणीय अध्ययन नगरी पूर्वाधार निर्माण गर्दाको असर/परिणाम

वातावरण संरक्षण कायम राख्न र वातावरणको प्राकृतिक स्वरुप कायम राख्न मानिसको ठूलो भूमिका छ । मानिसले प्रत्यक्ष वा अप्रत्यक्ष, जानी वा नजानिकन दिनानुदिन विकास र आविष्कारको नाममा गरिएका क्रियाकलापहरुको कारण एकातर्फ प्राकृतिक वातावरणको स्वरुप विगारी रहेको छ भने अर्को तर्फ प्रत्येक बर्ष ठूलो धनजनको क्षति समेत हुने गरेको छ । आर्थिक विकास र आधुनिकीकरणको नाउँमा सिमित मात्रामा रहेका प्राकृतिक श्रोतहरुको अत्यधिक दोहनले पृथ्वीको वातावरणीय संन्तुलन नराम्रोसँग प्रभावित भएको छ । वातावरणीय अध्ययन विना बनाएका सामाजिक तथा पूर्वाधार निर्माण र डोजरे सडकहरुका कारण बर्षेनी बस्ती जोखिममा परेको, मानिसको घरबास उठीबास भएको, पुल पुलासाहरु भत्किएको, बनाएका संरचना छोटो अवधिमा क्षतविक्षत भएको, वन्यजन्तु बासस्थानमा असर परेको, पानीका मुहानहरु सुकेको, सिमसार क्षेत्र संकटमा परेको, जमिन मुनीको पानीको सतह घटेको, मानव तथा बन्यजन्तुको वासस्थान क्षय र विनास भई जीवन नै संकटमा परेको छ । यसले गर्दा समुदायस्तर देखि राष्ट्रिय र अन्तराष्ट्रिय स्तर सम्म वातावरणीय समस्याहरु देखा परेका छन् ।

नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट सामाजिक तथा पूर्वाधार निर्माणको योजना कार्यान्वयन गर्दा वातावरणीय पक्षलाई ध्यान नदिएको कारण आज वातावरण र विकास एक अर्कामा अन्तर सम्बन्धित नभई परस्पर विरोधीको रुपमा देखा परेको, विकासका नाममा विनाश गर्ने गरेको जस्ता अभिव्यक्तिहरु मिडियाहरुमा सार्वजनिक हुने गरेको पाईन्छ । नेपालमा प्रत्येक बर्ष जथाभावी कार्यक्रम राखी वातावरणलाई वेवास्ता गरी नयाँ ग्रामीण सडक र अन्य पूर्वाधार निर्माणका कारण जन, धन र सम्पतिमा क्षति भइरहेको छ । तसर्थ, वातावरणीय अध्ययन प्रतिवेदनबाट निस्केको तथ्य र सोमा उल्लेख गरिएका वातावरणीय पक्षलाई सम्बोधन गरी सामाजिक तथा पूर्वाधार विकास गर्नुपर्ने देखिएको छ ।

## १.१२ वातावरणीय अध्ययन नगरी योजना कार्यान्वयन गर्दा हुने जरिवाना र क्षतिपूर्ति

वातावरणीय अध्ययन गर्नुपर्ने प्रस्तावको वातावरणीय अध्ययन नगरीकन कुनै कार्य गरे वा गराएमा सम्बन्धित निकायले निम्न अनुसार जरिबाना गर्ने व्यवस्था वातावरण संरक्षण ऐन, २०७६ को दफा (३५) ले गरेको छ ।

(क) संक्षिप्त वातावरणीय अध्ययन गराउनु पर्ने प्रस्ताव स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा ५ लाख रुपैयाँसम्म, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत नगराई वा

स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा १० लाख रुपैयाँसम्म र वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन गराउनु पर्ने प्रस्ताव स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरीत हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा ५० लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था रहेको छ ।

(ख) प्रस्तावकले माथि (क) मा उल्लेख गरे बमोजिमको कार्य गरेमा सम्बन्धित निकायले त्यस्तो कार्य तुरुन्त रोकी वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराएकोमा वातावरण ऐन बमोजिम त्यस्तो प्रतिवेदन स्वीकृत गराउन र त्यस्तो प्रतिवेदन विपरीतको कार्य भएकोमा सो कार्यलाई सुधार गर्न आदेश दिने व्यवस्था ऐनले गरेको छ । सम्बन्धित निकायले दिएको आदेश बमोजिम कार्य नभएमा सम्बन्धित निकायले माथि उल्लेख बमोजिम गरिएको जरिबानाको तेब्बर जरिबाना सम्बन्धित व्यक्ति वा संस्थालाई गर्ने व्यवस्था ऐनले गरेको छ ।

(ग) कसैले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरित हुने गरी कार्य गरेमा वा वातावरण ऐन, नियम, निर्देशिका वा मापदण्ड विपरित प्रदुषण गरेको वा जोखिमपूर्ण पदार्थ निष्कासन गरेको वा कुनै दुर्घटनाजन्य प्रदुषणका कारणबाट कुनै व्यक्ति, संस्था वा स्थानीय समुदायलाई कुनै हानी नोक्सानी पुग्न गएमा त्यस्तो कार्यबाट पिडित व्यक्ति, संस्थावा स्थानीय समुदायले सम्बन्धित निकायमा क्षतिपूर्ति भराई पाउन निवेदन दिएमा छानबिन गरी उचित क्षतिपूर्ति भराई दिने व्यवस्था समेत ऐनमा रहेको छ ।

माथि उल्लेखित वातावरण कानून वर्खिलापको कसूरमा हुने जरिवाना र क्षतिपूर्तिको अलावा राष्ट्रिय वन क्षेत्रमा स्वीकृति नलिई कुनै योजनाको कार्यान्वयन गरे/गराएमा वा सोको उद्योग गरेमा वन ऐन, २०७६ को दफा (४९) खण्ड (ग), (च) र (छ) बमोजिम कसूर गरेको ठहर्छ । यी दफा अनुसारको कसूर हुने निर्णय गर्ने/गराउने, कार्य गर्ने/गराउने र उद्योग गर्ने/गराउने व्यक्ति र निकायका पदाधिकारीलाई सोही ऐनको दफा (५०) को उपदफा (३) र दफा (५०) बमोजिमको थप कैद सजाँय र जरिवाना हुने व्यवस्था रहेको छ ।

## १.१३ निष्कर्ष

स्वच्छ वातावरण जीवनको लागि अपरिहार्य छ । वातावरण संरक्षण राष्ट्रिय तथा अन्तराष्ट्रिय सरोकारको विषय बनेको छ । वातावरणीय अध्ययन विना हामीले हाम्रो लागि राम्रो कार्य भनी निर्माण गरेका सामाजिक तथा विकास पूर्वाधारहरुको कारण विद्यमान वातावरणीय सन्तुलनमा विग्रन पुगेको छ । यीनै क्रियाकलापका कारण वातावरणका भौतिक र जैविक अवयवहरु वीचको सन्तुलित अवस्थामा खलल् परी प्राकृतिक सम्पदा र जनजीविकाको क्षेत्रमा बहुआयामिक असर तथा प्रभाव देखिन थालेका छन् । वातावरणीय अध्ययनले जुनसुकै योजना कार्यान्वयन गर्दा एकातर्फ विद्यमान वातावरणमा पर्ने सक्ने सम्भाव्य असर तथा प्रभावको पहिचान, आंकलन, मुल्यांकन र प्रभाव प्रक्षेपण गर्दछ भने अर्को तर्फ त्यसबाट वातावरणमा पर्न जाने नकारात्मक प्रभाव घटाउने, सकारात्मक प्रभावलाई बढाउने र बैकल्पिक उपायहरुको खोज गरी सुझाउने प्रयास गरेको हुन्छ । तसर्थ वातावरणीय अध्ययन गर्नुपर्ने योजनाहरु तयार गर्दा वातावरणीय पक्षलाई एक अभिन्न अंगको रुपमा लिएर योजना कार्यान्वयन गर्नु पर्दछ । वातावरण संरक्षण जस्तो बहुआयामिक विषय कुनै एक निकायको प्रयासबाट संवोधन गर्न कठिन छ । त्यसैले समयमै वातावरण संरक्षण र व्यवस्थापन क्षेत्रमा सचेतना अभियानमा प्रत्येक व्यक्ति, समुदाय, सरकारी तथा गैह्रसरकारी निकाय, संघ, संस्थाहरु लाग्नु पर्ने देखिएको छ । विकास योजनाको कार्यान्वयन गर्दा वातावरण र विकासको वीचको तादम्यता मिलाई विकासका पूर्वाधारको निर्माण गरौं । नागरिकको स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको सम्मान गरौं । दिगो विकास गन्तव्यको यात्रामा सहभागी होऔं ।

# खण्ड - २

# राष्ट्रिय वन क्षेत्रको जग्गा अन्य प्रयोजनमा प्रयोग गर्दा अपनाउनु पर्ने कार्यविधि

## २.१ पृष्ठभूमी

नेपालको संविधानले वातावरणीय सन्तुलनका लागि आवश्यक भू-भागमा वन क्षेत्र कायम राख्ने; अन्तर पुस्ता समन्यायको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत (वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधता) को संरक्षण, संवर्धन र दिगो उपयोग गर्ने नीति अबलम्वन गरेको छ।

राष्ट्रिय वन क्षेत्रको भू-स्वामित्व नेपाल सरकारमा रहने र नेपाल सरकारको अनुमति विना राष्ट्रिय वन क्षेत्र अन्य प्रयोजनमा प्रयोग गर्न निषेधको प्रबन्ध सहित विद्यमान वन व्यवस्थापन पद्धतिको प्रवर्द्धन गर्दै वन्यजन्तु, वातावरण, जलाधार एवं जैविक विविधताको संरक्षण, संवर्द्धन तथा सदुपयोग गरी राष्ट्रिय समृद्धिमा योगदान गर्ने दिर्घकालिन उद्देश्य राखी वन ऐन, २०७६ संघीय संसदबाट अनुमोदन भई भै कार्यान्वयनमा रहेको छ। राष्ट्रिय प्राथमिकता प्राप्त योजना, लगानी बोर्डबाट लगानी स्वीकृत भएको योजना, राष्ट्रिय गौरवका आयोजना वा राष्ट्रिय प्राथमिकता प्राप्त विद्युत प्रशारण लाईन विस्तार सम्बन्धी योजना संचालन गर्न राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने सम्बन्धी विषयलाई ब्यवस्थित गर्न वन नियमावली २०७९ र राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्वन्धी मापदण्ड सहितको कार्यविधि, २०७६ तयार गरी कार्यान्वयनमा रहेको छ। उल्लेखित वन ऐन, नियमावली र कार्यविधिको प्रयोजनको लागि सामाजिक एवं भौतिक पूर्वाधार आयोजनाहरुको छनौट एवं कार्यान्वयन कार्यलाई सहज, समयबद्ध र प्रभावकारी बनाउन नेपाल सरकारले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको निर्धारण गर्ने मापदण्ड, २०७५ तयार गरी कार्यान्वयनमा ल्याएको छ।

कुनै प्रस्तावित योजना (सामाजिक तथा भौतिक पूर्वाधार आयोजना) कार्यान्वयनको लागि राष्ट्रिय वन क्षेत्रको प्रयोग गर्नु बाहेकको बिकल्प नभएमा वन क्षेत्र प्राप्त गर्ने कार्यविधि र प्रकृयाको बारेमा प्रष्ट कानूनी व्यवस्था गरिएको छ। वन क्षेत्रको जग्गा प्राप्त गर्ने कानूनी प्रकृयाको थालनी नगर्ने र नेपाल सरकारबाट वन क्षेत्रको जग्गा अन्य प्रयोजनमा दिने स्वीकृत नभएको अवस्थामा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका राष्ट्रसेवक कर्मचारी तथा जनप्रतिनिधि समेतबाट वन कार्यालयमा यति भवन, सडक, फोहर फाल्ने संरचना वन क्षेत्रमा बनाउन दिन सहयोग गरिदिन परो, कर्मचारी पठाईदिन भएन भनी दवाब दिने प्रवृत्ति बढ्दो छ। अझ भन्नु पर्दा, राष्ट्रिय वन क्षेत्रमा वन कार्यालयले सडक बनाउन, ढुंगा गिटी उत्खनन गर्न, रुख काट्न र सार्वजनिक भवन बनाउन दिएन र बजेट फ्रिज हुने भयो भन्ने आक्षेप सहितको गुनासो सुनिने गरेको छ। यस्ता कानून विपरित हुने गतिविधिले वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, वातावरण, जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन, जलाधार क्षेत्र संरक्षण तथा व्यवस्थापनको महत्वपूर्ण जिम्वेवारी लिएको डिभिजन वन कार्यालय र पूर्वाधार निर्माण गर्ने कार्यालय/निकाय/समुदाय वीच द्धन्द सिर्जना समेत हुने गरेको छ। यद्यपी, संघीय संसदबाट निर्माण भएका प्रचलित कानूनको पालना गरेर वन क्षेत्र प्राप्त गर्ने र रुख हटाउने ईजाजत लिई वन क्षेत्रमा योजना संचालन तथा कार्यान्वयन गर्न सम्वन्धित निकायमा अनुरोध गर्ने कार्य डिभिजनल वन कार्यालयले गर्दै आएको छ।

राष्ट्रिय वन क्षेत्रको जग्गा अन्य प्रयोजनमा प्रयोग गर्दा अपनाउनु पर्ने विद्यमान कार्यविधिको बारेमा वन ऐन, २०७६; वन नियमावली, २०७९; राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्वन्धी मापदण्ड सहितको कार्यविधि, २०७६ र राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्वन्धी मापदण्ड सहितको कार्यविधि,२०७६ मा भएको व्यवस्थालाई एकीकृत गरी सरल रुपमा बुझ्न सकिने गरी सबैमा जानकारी दिने यो कार्यविधिको उद्देश्य रहेको

छ । राष्ट्रिय वन क्षेत्रको जग्गा अन्य प्रयोजनमा के कसरी उपलब्ध हुन सक्छ? के कस्ता कार्य प्रकृया अबलम्वन गर्न पर्दछ? भन्ने बारेमा देहायका बुँदाहरुमा उल्लेख गरिएको छ ।

## २.२ राष्ट्रिय वन क्षेत्र नपर्ने गरी विकास आयोजना तर्जुमा गर्नु पर्ने

कुनै पनि विकास आयोजनाको तर्जुमा गर्दा सम्भव भएसम्म राष्ट्रिय वनक्षेत्र नपर्ने गरी गर्नुपर्दछ । तथापि, राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृति भएको योजना, राष्ट्रिय गौरवका आयोजना सञ्चालन हकमा वन क्षेत्रको प्रयोग गर्नु बाहेक अन्य कुनै पनि विकल्प नभएमा आयोजना तर्जुमाको लागि वातावरणीय अध्ययन गर्नु पर्दछ । अध्ययन प्रतिवेदनले आयोजना संचालन गर्दा वातावरणमा उल्लेखनिय प्रतिकूल असर नपर्ने देखिएमा मात्र नेपाल सरकारले त्यस्तो योजना संचालन गर्नको लागि राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्ने स्वीकृति दिन सक्दछ । वातावरणीय अध्ययन गर्दा वन व्यवस्थापन गर्ने निकाय वा समूहको परामर्श तथा सहभागितामा न्यूनतम वनक्षेत्र मात्र प्रयोग गर्ने वा न्यूनतम रुख बिरुवा मात्र हटाउनु पर्ने विकल्पको अध्ययन तथा विश्लेषण गरी वातावरणीय क्षति परिपुरणका मुख्य क्रियाकलाप समावेश भएको हुनु पर्दछ । नेपाल सरकारबाट प्राप्त स्वीकृती बमोजिम तोकिऐको राष्ट्रिय वन उपयोग गर्नु पाइन्छ ।

विकास आयोजना सञ्चालनका लागि प्रयोग हुने राष्ट्रिय वनक्षेत्रको यकिन गर्दा त्यस्तो आयोजना कार्यान्वयनको लागि आवश्यक पर्ने निर्माण स्थल, राइट अफ वे, सेक्यूरिटी पेरिमिटर, हरित पेटी, पहुँच मार्ग जस्ता अनिवार्य आवश्यकताका क्षेत्र समेत अनिवार्य रुपमा समेटिएको हुनु पर्दछ । वन क्षेत्र प्रयोग गर्ने गरी विकास आयोजनाको तर्जुमा गर्दा, तथा वातावरणीय अध्ययन गर्दा सम्बन्धित डिभिजन कार्यालयसँग समन्वय गर्नु पर्ने व्यवस्था रहेको छ ।

## २.३ वातावरणीय अध्ययनले मात्र राष्ट्रिय वन क्षेत्रमा योजना कार्यान्वयन गर्न नपाईने

नेपाल सरकार (मन्त्रिपरिषद्) को स्वीकृति विना वन क्षेत्र अन्य प्रयोजनमा प्रयोग गर्न, भू-उपयोगमा परिवर्तन गर्न र सो क्षेत्रमा भएका रुखहरु हटाउन नपाईने व्यवस्था वन ऐन, २०७६ को दफा (३) र (४२) मा रहेको छ । कुनै व्यक्ति वा निकाय वा कार्यालय वा संस्थाले नेपाल सरकारको स्वीकृति विना राष्ट्रिय वन क्षेत्रमा कुनै सामाजिक वा भौतिक पूर्वाधार निर्माण गर्ने सम्वन्धी कार्य गरे गराएमा वन कसूर गरेको मानिन्छ र वन ऐन, २०७६ को दफा (४९) अनुसार कार्वाही हुन्छ । साथै वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत हुँदैमा राष्ट्रिय वन (सरकारद्धारा व्यवस्थित वन, सामुदायिक वन, कवुलियती वन, साझेदारी वन, धार्मिक वन, प्रदेश भित्रको राष्ट्रिय वन वा अन्तरप्रादेशिक वन र वन क्षेत्रसंग जोडिएको झाडी बुट्यान समेत) क्षेत्रमा सामाजिक वा भौतिक पूर्वाधार निर्माण गर्ने सम्वन्धी कुनै आयोजना/योजना/कार्यक्रम संचालन तथा कार्यान्वयन गर्न पाईदैन । साथै उक्त वन क्षेत्रमा भएका रुखहरु समेत हटाउन मिल्दैन ।

## २.४ प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्नु पर्ने

राष्ट्रिय वन क्षेत्रमा संचालन हुने योजना कार्यान्वयनमा जानु अगाडी राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने मापदण्ड, २०७५ ले तोकेको न्यूनतम शर्तहरु पुरा हुनु पर्दछ । कुनै आयोजना राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना हुनका लागि देहाय अनुसारका मापदण्ड पुरा भएको हुनु पर्दछ ।

(क) विस्तृत आयोजना प्रतिवेदन तयार भएको,

(ख) श्रोत/लगानी सुनिश्चित भएको प्रमाण,

(ग) चालु आवधिक योजनाले राष्ट्रिय प्राथमिकता निर्धारण गरेको क्षेत्र भित्र परेको,

(घ) आयोजनाको वातावरणीय अध्ययन सम्पन्न भएको र

(ङ) सम्वन्धित मन्त्रालयको सचिव स्तरिय निर्णय भएको ।

## २.५ राष्ट्रिय वनक्षेत्र प्रयोगको लागि निवेदन दिने

राष्ट्रिय वनक्षेत्र प्रयोग गर्नु पर्ने तथ्यपरक आधार र वातावरणीय अध्ययन प्रतिवेदनबाट वातावरणमा उल्लेखनिय प्रतिकूल असर नपर्ने देखिएमा विकास आयोजनाले देहायका विवरण समावेश गरी राष्ट्रिय वनक्षेत्र प्रयोग गर्न स्वीकृतिको लागि सम्बन्धित विषयगत मन्त्रालय वा निकाय मार्फत वन तथा वातावरण मन्त्रालयमा निवेदन दिनु पर्दछ । लगानी बोर्डबाट स्वीकृत हुने विकास आयोजनाको हकमा भने बोर्ड मार्फत सोझै मन्त्रालयमा निवेदन दिन सकिने व्यवस्था रहेको छ । निवेदन साथ देहायका दस्तावेज समावेश भएको हुनु पर्दछ ।

(क) सम्भाव्यता अध्ययन प्रतिवेदन वा वनक्षेत्र आवश्यक पर्ने तथ्यपरक आधार र कारण खुलेको प्रतिवेदन,

(ख) कुनै निकायबाट अनुमतिपत्र जारी भएको विकास आयोजना भए त्यस्तो अनुमतिको प्रतिलिपि,

(ग) स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन,

(घ) प्रयोग गर्नु पर्ने राष्ट्रिय वनको क्षेत्रफल र हटाउनु पर्ने रुख बिरुवाको लगत सहितको विवरण,

(ङ) विकास आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर), विस्तृत इन्जिनियरिङ डिजाइन प्रतिवेदन लगायतका स्वीकृत कार्यक्रम सम्बन्धी कागजात,

(च) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको हकमा राष्ट्रिय योजना आयोगको निर्णय,

(छ) लगानी बोर्डबाट लगानी स्वीकृत भएको आयोजनाको हकमा आयोजना विकास सम्झौता सहित बोर्डको निर्णय,

(ज) राष्ट्रिय गौरवको आयोजनाको हकमा सोको आधिकारिक प्रमाण कागजात,

(झ) प्रदेश सरकारबाट सञ्चालन हुने प्राथमिकता प्राप्त विकास आयोजनाको हकमा सम्बन्धित प्रदेश सरकारको निर्णय साथै प्रदेश सरकारले बजेटको सुनिश्चितता गरेको निर्णय सहितको पत्र,

(ञ) स्थानीय तहबाट सञ्चालन हुने प्राथमिकता प्राप्त विकास आयोजनाको हकमा सम्बन्धित स्थानीय तहको निर्णय साथै स्थानीय तहले बजेट सुनिश्चितता गरेको निर्णय सहितको पत्र ।

## २.६ पुन:विचारको लागि पठाउने

सम्वन्धित मन्त्रालयबाट राष्ट्रिय वनक्षेत्र प्रयोगको लागि स्वीकृतिको माग सहितका कागजात प्राप्त भएपछि वन तथा वातावरण मन्त्रालयले अध्ययन गर्दा योजनामा कुनै परिमार्जन गर्दा कम वनक्षेत्र प्रयोग हुने वा कम रुख कटान हुने देखिएमा सम्वन्धित मन्त्रालयलाई व्यहोरा खुलाई पुर्नविचारका लागि लेखि पठाउन सक्ने व्यवस्था छ । यसरी पुर्नविचारका लागि लेखि आएमा सम्वन्धित मन्त्रालयले योजनाको लागत र प्रतिफल समेतका आधारमा सो कुरा उपर विचार गरी आवश्यकता अनुसार योजना परिमार्जन गरी राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न पुनः वन तथा वातावरण मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था रहेको छ ।

## २.७ स्थलगत विवरण माग गरी लेखि पठाउने

कुनै विकास आयोजनाको लागि राष्ट्रिय वनक्षेत्रको कुनै भाग प्रयोग गर्न स्वीकृतिका लागि माग भई आएमा वन तथा वातावरण मन्त्रालयले वन तथा भू-संरक्षण विभाग मार्फत डिभिजन वन कार्यालयमा लेखि पठाउने व्यवस्था रहेको छ । डिभिजन वन कार्यालयले सम्वन्धित विकास आयोजना समेतको सहयोगमा स्थलगत अवलोकन गरी देहायका बुँदासंग सम्वन्धित विषयमा विवरण तयार गरी सोको जानकारी वन निर्देशनालय मार्फत प्रदेश मन्त्रालयलाई

गराउने र वन तथा भू-संरक्षण विभाग मार्फत वन तथा वातावरण मन्त्रालयमा लेखि पठाउने व्यवस्था छ।

(क) विकास आयोजनालाई प्रयोग गर्न दिनुपर्ने राष्ट्रिय वनक्षेत्रको स्थलगत विवरण, क्षेत्रफल, चारकिल्ला र जिपिएस कोअर्डिनेट, नापीको प्रमाणित नक्सा र सिट नम्बर, भौगोलिक क्षेत्र, विद्यमान वन व्यवस्थापन पद्धति, वनको किसिम अनुसारको क्षेत्रफल लगायतका आधिकारिक विवरण,

(ख) विकास आयोजना कार्यान्वयन गर्दा प्रयोग हुने राष्ट्रिय वनक्षेत्रबाट हटाउनु पर्ने पाँच इन्च गोलाइ भन्दा बढीको रुख बिरुवाको वन नियमावली, २०७९ को अनुसूची (५०) बमोजिमको ढाँचामा लगत सहितको विवरण,

(ग) विकास आयोजनाको लागि माग भएको राष्ट्रिय वनक्षेत्रको कुनै भाग उपभोक्ता समूहको व्यवस्थापनमा रहेको भए उपभोक्ता समूहको साधारण सभाको निर्णय र

(घ) विकास आयोजना अनुसार अन्य आवश्यक विवरण।

## २.८ नेपाल सरकारले स्वीकृति दिन सक्ने

राष्ट्रिय वनक्षेत्रको कुनै भाग प्रयोग गर्ने सम्बन्धमा डिभिजन वन कार्यालयबाट प्राप्त विवरण अध्ययन गरी आवश्यक परेमा स्थलगत अनुगमन समेत गरी विभागले आफ्नो रायसहित मन्त्रालयमा पठाउनु पर्दछ। वन तथा वातावरण मन्त्रालयले विभागबाट प्राप्त विवरण तथा कागजात अध्ययन गर्दा राष्ट्रिय वनक्षेत्रको कुनै भाग प्रयोग गर्न दिन र त्यसमा रहेका रुख बिरुवा हटाउन दिन उपयुक्त हुने देखेमा वन नियमावली, २०७९ बमोजिम त्यस्तो विकास आयोजनाले पालना गर्नुपर्ने शर्त तोकी सो पालना गर्ने प्रतिबद्धताका लागि सम्वन्धित आयोजनालाई लेखी पठाउन सक्ने व्यवस्था रहेको छ। मन्त्रालयको पत्र बमोजिमको विकास आयोजनाबाट प्रतिबद्धता प्राप्त भएमा प्रयोग गर्न दिने राष्ट्रिय वनक्षेत्रको ठेगाना, क्षेत्रफल, हटाउनु पर्ने रुख बिरुवाको सङ्ख्या र विकास आयोजनाले पालना गर्नु पर्ने शर्त सहित वन तथा वातावरण मन्त्रालयले त्यस्तो वन क्षेत्रको भू-स्वामित्व नेपाल सरकारमा रहने गरी स्वीकृतिका लागि नेपाल सरकार समक्ष पेश गर्ने व्यवस्था छ। मन्त्रालयबाट पेश भएको प्रस्ताव मानसिब देखिएमा नेपाल सरकारले योजनाको लागि प्रस्तावित राष्ट्रिय वनको क्षेत्र प्रयोग गर्न दिने र त्यसमा रहेका रुख विरुवा र अन्य वन पैदावार समेत हटाउन स्वीकृति दिन सक्ने व्यवस्था रहेको छ। राष्ट्रिय व क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति पाएको विकास आयोजनाको अवधि समाप्त भएको र आयोजना संरक्षण एवं व्यवस्थापन गर्न कुनै पनि सङ्गठनात्मक संरचना नभएको अवस्थामा त्यस्तो राष्ट्रिय वन क्षेत्र र सोमा निर्मित भौतिक संरचनाको संरक्षण र व्यवस्थापन नेपाल सरकारले निर्धारण गरे बमोजिम हुने व्यवस्था रहेको छ।

## २.९ विकास आयोजनाले जग्गा उपलब्ध गराउनु पर्ने

नेपाल सरकारबाट विकास आयोजना सञ्चालनका लागि राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न दिने निर्णय भएमा विकास आयोजनाले योजना सञ्चालनको लागि जति वनक्षेत्र प्रयोग गर्नु पर्ने हो? कम्तीमा त्यती नै क्षेत्रमा रुख रोप्नको लागि सम्भव भए सम्म आयोजना स्थलको नजिक पर्ने राष्ट्रिय वनक्षेत्रसंग जोडिएको र समान भौगोलिक र पारिस्थितिकीय क्षेत्रमा पर्ने तथा वनको विकास गर्न सकिने भू-बनोट भएको जग्गा उपलब्ध गराउनु पर्नेछ।

विकास आयोजनाले आफ्नै प्रयासमा जग्गा उपलब्ध गराउन नसकेमा जग्गा उपलब्ध गराउने प्रयोजनको लागि जग्गा प्राप्ति सहजीकरण समितिमा लेखी पठाउनु पर्दछ। समितिले जग्गा खरिदको लागि विकास आयोजना र जग्गा बिक्रेताको बीचमा समझदारी गराई जग्गा खरिद गर्ने कार्यमा सहजीकरणको व्यवस्था मिलाउनु पर्ने व्यवस्था रहेको छ। वन नियमावली, २०६९ को नियम (९२) बमोजिम प्रत्येक जिल्लामा देहाय बमोजिमको जग्गा प्राप्ति सहजीकरण समिति रहने व्यवस्था गरेको छ। सहजीकरण समितिले प्रयास गर्दा समेत जग्गा प्राप्त हुन नसकेमा जग्गा

प्राप्त हुन नसकेको व्यहोरा खुलाई विभागलाई सिफारिस गर्नु पर्दछ।

| | | |
|---|---|---|
| (क) | प्रमुख जिल्ला अधिकारी | : संयोजक |
| (ख) | नापी कार्यालयको प्रमुख | : सदस्य |
| (ग) | मालपोत कार्यालयको प्रमुख | : सदस्य |
| (घ) | प्रमुख नियन्त्रक, कोष तथा लेखा नियन्त्रक कार्यालय | : सदस्य |
| (ङ) | स्थानीय तहको सम्बन्धित वडा अध्यक्ष | : सदस्य |
| (च) | सम्बन्धित डिभिजनल अधिकृत | : सदस्य |
| (छ) | सम्बन्धित विकास आयोजनाको प्रमुख | : सदस्य-सचिव |

## २.१० जग्गाको विवरण पेश गर्ने र स्थलगत चेकजाँच

विकास आयोजनालाई राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने गरी सरकारको निर्णय भए बमोजिम आयोजनाले त्यती नै जग्गा वन विकास गर्न प्रस्ताव गर्नु पूर्व विकास आयोजनाले डिभिजन वन कार्यालयमा जग्गाको विस्तृत विवरण उपलब्ध गराउनु पर्दछ। प्रस्तावित जग्गाको विवरण पेश गर्दा जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपी, कित्ताहरुको क्षेत्रफल, नापी कार्यालयबाट प्रमाणित नक्शा, गुगल म्यापमा कित्ताहरु ओभरले गरेको नक्शा, कित्ता राष्ट्रिय वनसँग जोडिएको छ/छैन? कित्ताको जिपिएस कोअर्डिनेट र उचाई, योजना रहेको स्थानबाट कित्ता सम्मको दुरी, जग्गाको भिरालो प्रतिशत, समान भुगोल भए/नभएको, समान पारिस्थितिकिय क्षेत्र भएको/नभएको? जग्गाको वर्तमान अवस्था (बाँझो, खेत, वारी, खरवारी, वुट्टयान, रुख भएको आदि), कित्ताहरुमा रुख विरुवा भए कुन कुन प्रजातिका रुख विरुवाहरु रहेका छन्? कित्ताहरुमा बृक्षरोपण गरी वन विकास गर्न सकिन्छ/सकिंदैन? वन विकास गर्न सकिने भए कुन कुन कित्तामा के कति विरुवा रोपण गर्नु पर्ने हो? सो समेतको विवरण उल्लेख गर्नु पर्दछ।

विकास आयोजनाबाट प्रस्ताव गरिएको जग्गाका कित्ताको विवरण पेश गरिए अनुसारको वन विकास गर्न सकिने हो/होईन? डिभिजन वन कार्यालयबाट स्थलगत चेकजाँच गराई गराउनु पर्दछ। यसको लागि आयोजनाका आधिकारीक प्रतिनिधि, नापी कार्यालयका प्रतिनिधि र वन कार्यालयबाट तोकिएका अधिकृत कर्मचारी समेतबाट प्रस्तावित जग्गाको प्रत्येक कित्ताहरुको स्थलगत रुपमा पहिचान, अवलोकन र निरीक्षण गरी प्रत्येक कित्ताको फोटो सहितको विस्तृत विवरण लिई जग्गा नेपाल सरकारले सट्टाभर्ना स्वरुप लिन उपयुक्त हुने/नहुने? साथै सो जग्गामा वन विकास गर्न सकिन्छ/सकिदैन? एकिन राय सहितको प्रतिवेदन डिभिजन वन कार्यालयमा पेश गर्नु पर्दछ। यसरी पेस हुन आएको प्रतिवेदनको अध्ययन र स्थलगत अनुगमन गरी डिभिजन वन कार्यालयबाट निर्णय गर्नु पर्छ। यसरी निर्णय गरिएको जग्गा मात्र नेपाल सरकारको नाममा रजिस्ट्रेसन पारित गरी लिनु पर्दछ।

## २.११ जग्गाको रजिस्ट्रेसन पारित र वन क्षेत्र कायम गर्ने

आयोजनाले प्रस्ताव गरेको जग्गामा वन विकास गर्न सकिने देखिएमा नेपाल सरकारको नाममा रजिस्ट्रेसन पारित गरी लिन सकिन्छ। नेपाल सरकारको नाममा जग्गा रजिस्ट्रेसन पारित गरी लिनु अगाडी विकास आयोजनाले प्रस्तावित जग्गा आफ्नो नाममा नभए निजी जग्गा धनी वा निकायबाट पहिले आफ्नो नाममा रजिस्ट्रेसन पारित गरी लिनु पर्ने व्यवस्था छ। तत् पश्चात मात्र डिभिजन वन कार्यालयले वन विकास गर्न सकिने देखिएका जग्गाका कित्ताहरुलाई नेपाल सरकारको नाममा रजिस्ट्रेसन पारित गरी लिन सकिने व्यवस्था रहेको छ। नेपाल सरकारको नाममा रजिस्ट्रेसन पारित गरी लिएको जग्गाको क्षेत्रफल, कित्ता नम्बर, तथा सिमाना सम्बन्धी विवरण खोली डिभिजन वन कार्यालयले राष्ट्रिय वन क्षेत्र कायम गर्न र लगत कट्टाको लागि मालपोत कार्यालय र स्थानीय तहमा पठाउनु पर्दछ। डिभिजन वन कार्यालयबाट लेखी आएका जग्गाका कित्ताहरु सात दिन भित्र मालपोत कार्यालयले सो जग्गाको

मालपोत र सम्वन्धित स्थानीय तहले जग्गाको लगत कट्टा गरी वन क्षेत्र कायम भएको अभिलेखमा जनाई सोको जानकारी डिभिजन वन कार्यालयलाई उपलब्ध गराउनु पर्दछ। मालपोत कार्यालय र स्थानीय तहबाट लगत कट्टाको भएको जानकारी प्राप्त हुनासाथ डिभिजन वन कार्यालयले वन तथा वातावरण मन्त्रालय र प्रदेश मन्त्रालयमा जानकारी पठाउनु पर्दछ। यसरी राष्ट्रिय वन क्षेत्र कायम भएको जग्गाको विवरण वन तथा वातावरण मन्त्रालयले नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्ने व्यवस्था छ।

## २.१२ जग्गा प्राप्त नभएमा रकम जम्मा गर्नु पर्ने

जग्गा प्राप्ति सहजीकरण समितिले जग्गा प्राप्त नभएको तथ्यपरक कारण र औचित्व समेतको व्यहोरा सहित सिफारिस गरेमा विभागले विकास आयोजनालाई जग्गा खरिद बापत बुझाउनु पर्ने वन नियमावली, २०७९ को अनुसूची (५१) बमोजिमको रकम जम्मा गर्न स्वीकृति दिनु पर्दछ। साथै विकास आयोजनाले प्रयोग गरेको राष्ट्रिय वनक्षेत्र बरावरको जग्गामा पाँच बर्षसम्म रुख हुर्काउन तथा सम्भार गर्न लाग्ने रकम, वन क्षेत्रबाट हटाइने रुख र बल्लाबल्लीको सङ्ख्याको दश गुणाको दरले हुने बिरुवाको वृक्षारोपण गर्न लाग्ने रकम समेत विभागले लागत अनुमानमा समावेश गर्नु पर्दछ। विभागले लागत अनुमान तयार गर्दा बहुवर्षीय बिरुवा उत्पादन वा खरिद र बिरुवा ढुवानी गर्दा, प्रति हेक्टर सोह्रसय बिरुवाको दरले वृक्षारोपण, वृक्षारोपण संरक्षणका लागि तारबार वा पर्खाल लगाउँदा र पाँच वर्षको लागि आवश्यक हेरचाह गर्ने व्यक्तिको सङ्ख्या समेतलाई आधार मान्नु पर्दछ। विकास आयोजनाको संचालकले जग्गा खरिद गर्न, रुख हुर्काउन तथा सम्भार गर्न, बृक्षरोपण गर्न र रेखदेख गर्न लाग्ने सम्पूर्ण रकम वन तथा भू-संरक्षण विभागले उपलब्ध गराएको वन विकास कोषको खातामा जम्मा गर्नु पर्ने वयवस्था नियमावलीले गरेको छ।

नेपाल सरकारद्वारा निर्माण हुने वा गैरनाफालमूलक विकास आयोजनाले जग्गा खरिद बापतको रकम बुझाउँदा अर्थ मन्त्रालयको सिफारिसमा किस्ताबन्दीमा बुझाउन सक्नेछ। यस्तो किस्ताबन्दीमा बुझाउने रकम बढीमा पाँच वर्षमा बुझाई सक्नु पर्दछ। नेपाल सरकारद्वारा निर्माण हुने विकास आयोजनाको हकमा जग्गा खरिद बमोजिमको रकम अर्थ मन्त्रालयले सोझै कोषमा जम्मा गर्न सक्ने व्यवस्था गरिएको छ।

## २.१३ विकास आयोजना र विभाग वीच सम्झौता

विकास आयोजना संचालकले वन विकास कोषमा जम्मा गरेपछि मात्र विभागले त्यस्तो विकास आयोजनासँग राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्ने शर्त सहित सम्झौता गर्नेछ। सम्झौता गरी सकेपछि विभागले वन नियमावलीको अनुसूची (५२) को ढाँचामा प्रमाणपत्र विकास आयोजनालाई प्रदान गर्नु पर्छ। तर गैरनाफामूलक सरकारी बहुवर्षीय आयोजनाको हकमा किस्ताबन्दीमा रकम बुझाउने गरी पहिलो किस्ताको रकम जम्मा गरेपछि विभागले सम्झौता गर्न सक्नेछ। विकास आयोजनाले कोषमा जम्मा गरेको रकमको स्रेस्ता विभागले दुरुस्त राख्नु पर्ने व्यवस्था छ।

## २.१४ सम्झौता गरिसकेको विकास आयोजनाले रकम बुझाउने

वन नियमावली, २०७९ प्रारम्भ हुनुभन्दा अघि प्रचलित कानून बमोजिम वनक्षेत्र प्रयोग गरे बापत सट्टाभर्ना जग्गा उपलब्ध गराउने गरी विभागसँग सम्झौता भएको विकास आयोजनाले यो नियमावली प्रारम्भ हुँदासम्म पनि त्यस्तो सट्टाभर्ना बापतको जग्गा उपलब्ध गराउन नसकेको भएमा सट्टाभर्ना जग्गा उपलब्ध गराउन नसक्ने कारण खोली जग्गा खरिद गर्न, बृक्षरोपण गर्न, रुख हुर्काउन तथा सम्भार गर्न र हेरालु राख्न लाग्ने सम्पूर्ण रकम बुझाउन विभाग समक्ष निवेदन दिन सक्नेछ। विकास आयोजनाबाट पेश भएको निवेदन सम्बन्धमा विभागले आवश्यक जाँचबुझ गरी व्यहोरा मनासिब भएमा त्यस्तो विकास आयोजनालाई रकम बुझाउन अनुमति दिन सक्नेछ। विभागबाट अनुमति प्राप्त

विकास आयोजनाले जग्गा खरिद गर्न तोकिएको रकम वन विकास कोषमा जम्मा गर्नु पर्नेछ । विकास आयोजनाले जग्गा उपलब्ध गराउन नसकेको कारणबाट सम्झौता बमोजिमको सर्त पालना नगरेको वा रुख हुर्काउन तथा सम्भार गर्न र बृक्षरोपण गर्न लाग्ने रकम जम्मा नगरेको भएमा विभागमा रकम दाखिला गर्न निवेदन दिएमा विभागबाट स्वीकृति भए बमोजिमको रकम जम्मा गर्दा सो रकम समेत एकमुष्ट जम्मा गर्नु पर्दछ ।

यो नियमावली प्रारम्भ हुनु अघि सम्झौता भएका विकास आयोजनाले शर्त पालना नगरेको वा रकम नबुझाएको भएमा विभागले स्थलगत अनुगमन गरी लगत कायम गरी वन नियमावली २०७९ को नियम (९३) बमोजिमको रकम बुझाउन लगाउनु पर्दछ । उल्लेखित रकम वन विकास कोषमा जम्मा गर्ने विकास आयोजना वा प्रस्तावकले रकम दाखिला गरेको जानकारी विभाग र मन्त्रालयलाई दिनु पर्दछ । रकम बुझाउन विकास आयोजनालाई अनुमति दिएको व्यहोरा विभागले मन्त्रालयलाई यथाशीघ्र जानकारी गराउन पर्ने व्यवस्था रहेको छ । तर यो नियमावली प्रारम्भ हुँदा सम्झौता भएको छ महिनामात्र भएका विकास आयोजनाले जग्गा उपलब्ध गराउन नसक्ने भएमा वन नियमावलीको नियम (९१) र (९३) बमोजिमको प्रक्रिया पूरा गर्नु पर्दछ ।

## २.१५ क्षति न्यूनीकरणका उपाय अपनाउनु पर्ने

राष्ट्रिय वन क्षेत्र प्रयोग गरी कार्यान्वयन हुने कुनै पनि विकास आयोजनाले वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भएका, आयोजना कार्यान्वयनका क्रममा उत्पन्न हुने र आयोजना सम्पन्न भई संचालनका क्रममा देखा परेका क्षति र समस्या उपर क्षति न्यूनीकरणका उपायहरु आयोजनाले आफ्नै खर्चमा कार्यान्वयन गर्नु पर्नेछ । क्षति न्यूनीकरणका उपाय कार्यान्वयन गर्दा विकास आयोजनाबाट प्रभावित वन उपभोक्ता समूह वा स्थानीय समुदायको सहभागितामा कार्यान्वयन गर्न प्राथमिकता दिनु पर्दछ । विकास आयोजनाले आयोजना निर्माणको क्रममा वन्यजन्तु, तिनको वासस्थान र आवतजावतमा असर नपर्ने गरी वन्यजन्तु र वातावरणमैत्री पूर्वाधारहरु नेपाल सरकारबाट स्वीकृत वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिका, २०७८ अनुसार निर्माण गर्नु पर्दछ ।

## २.१६ क्षतिपूर्ति उपलब्ध गराउने

राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न स्वीकृति पाई विकास आयोजना सञ्चालन गर्ने क्रममा रुख बिरुवा हटाउँदा कुनै व्यक्ति, समूह वा स्थानीय समुदायको रुख बिरुवामा क्षति हुन गएमा क्षति भएको वन पैदावारको मूल्याङ्कन गरी हुन आउने रकम त्यस्तो आयोजनाले सम्बन्धित व्यक्ति, समूह वा स्थानीय समुदायलाई क्षतिपूर्ति बापत उपलब्ध गराउनु पर्दछ । साथै राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न स्वीकृति पाई विकास आयोजना सञ्चालन गर्दा वनमा आश्रित कुनै व्यक्ति, समूह वा समुदायको जीविकोपार्जनमा प्रतिकूल असर परेमा वा कुनै हानी नोक्सानी भएमा विकास आयोजनासँग सम्बन्धित विषयगत मन्त्रालय, प्रदेश सरकार वा स्थानीय तहले सो आयोजनाको तर्फबाट त्यस्तो हानी नोक्सानीको उचित क्षतिपूर्तिको व्यवस्था मिलाउनु पर्नेछ ।

## २.१७ वनक्षेत्रमा प्रवेशको लागि इजाजत लिनु पर्ने

राष्ट्रिय वनक्षेत्रमा नेपाल सरकारबाट अनुमति प्राप्त विकास आयोजना सञ्चालन गर्नु अघि सम्बन्धित विकास आयोजना सञ्चालकले त्यस्तो आयोजना सञ्चालनको लागि प्राप्त अनुमति, विभागसँग गरेको सम्झौता, वनक्षेत्र प्रयोग गर्न दिएको अनुमतिपत्र, आयोजनामा काम गर्ने सबै कर्मचारी तथा कामदार, प्रयोग हुने मेसिनहरु र अन्य कागजातसहित वनक्षेत्रमा प्रवेशको लागि सम्बन्धित डिभिजन वन कार्यालयमा निवेदन दिनु पर्नेछ । विकास आयोजनाबाट परेको निवेदन उपर आवश्यक जाँचबुझ गर्दा उपयुक्त लागेमा राष्ट्रिय वनक्षेत्रमा विकास आयोजना सञ्चालनका लागि डिभिजनल वन अधिकृतले वन प्रवेश गर्न इजाजत दिनु पर्ने व्यवस्था रहेको छ ।

## २.१८ रुख हटाउने सम्बन्धी व्यवस्था

वन तथा भू-संरक्षण विभाग र विकास आयोजना बीच भएको सम्झौता प्राप्त भएपछि सम्बन्धित डिभिजन वन कार्यालयले त्यस्तो आयोजना संचालनका लागि हटाउनु पर्ने रुखको छपान मूल्याङ्कन गरी छपान प्रमाणित सहमतिको लागि निर्देशनालयमा पठाउनु पर्नेछ। निर्देशनालयबाट प्रमाणित भई आएपछि सम्बन्धित डिभिजन वन कार्यालयले कटान इजाजत उपलब्ध गराउनु पर्दछ। रुखको छपान मूल्याङ्कन कार्यका लागि सम्बन्धित विकास आयोजनाले आवश्यक प्राविधिक जनशक्ति उपलब्ध गराउनु पर्नेछ।

नेपाल सरकारको निर्णय बमोजिम विकास आयोजनालाई प्रयोग गर्न दिइएको वनक्षेत्रमा त्यस्तो आयोजना सञ्चालनको क्रममा थप रुख हटाउनु पर्ने भएमा वन तथा वातावरण मन्त्रालयले आवश्यक जाँचबुझ गरी त्यस्तो रुख हटाउन स्वीकृत दिन सक्नेछ। नेपाल सरकारबाट स्वीकृति प्राप्त भएका वा वन ऐन, २०४९ प्रारम्भ हुनु अघि नेपाल सरकारबाट राईट अफ वे कायम भएका सडक वा नहर विस्तारको क्रममाा राईट अफ वे भित्रका रुख हटाउनु पर्ने भएमा सम्बन्धित निकायको सिफारिसमा विभागले आवश्यक जाँचबुझ गरी त्यस्तो रुख हटाउन स्वीकृत दिन सक्नेछ। स्वीकृति पाए पछि त्यस्तो विकास आयोजनाले वन क्षेत्र प्रयोग गर्नु स्वीकृत पाए वरावरको जग्गामा पाँच वर्ष सम्म रुख हुर्काउन तथा सम्भार गर्नको लागि आवश्यक पर्ने रकम विभागले तयार गरेको लागत अनुमान बमोजिमको वन विकास कोषमा जम्मा गर्नु पर्नेछ।

## २.१९ वन पैदावारको व्यवस्थापन गर्नु पर्ने

रुख हटाउन स्वीकृत पाएको विकास आयोजना वा निकायले आफ्नै खर्चमा रुख, बिरुवा तथा अन्य वन पैदावार कटान, मुछान तथा सङ्कलन गरी सम्बन्धित डिभिजनल वन अधिकृतले तोकिदिएको स्थानमा घाटगद्दी गर्नु पर्दछ। तर घाटगद्दीमा रहेको एक वर्ष भित्रमा नै सडीगली जान सक्ने नरम प्रजातिका रुख र वनक्षेत्र बाहिरका राईट अफ वेमा भएका रुख मूल्याङ्कनको आधारमा खडै लिलाम बिक्री गर्न सकिनेछ।

विकास आयोजनाले रुख विरुवाको कटान मुछान गरी घाटगद्दीमा काठ दाउरा जम्मा गर्ने कार्य डिभिजन वन कार्यालयका वन अधिकृतको रोहबरमा सम्पन्न गरी डिभिजन वन कार्यालयलाई वन पैदावार हस्तान्तरण गर्नु पर्दछ। सामुदायिक वन उपभोक्ता समूहले व्यवस्थापन गरेको वनको हकमा रुख र अन्य वन पैदावारको कटान, मुछान र घाटगद्दी कार्य गर्दा सम्बन्धित उपभोक्ता समूहको कार्य समितिका प्रतिनिधि समेतको रोहबरमा गरी सम्बन्धित उपभोक्ता समूहलाई वन पैदावार हस्तान्तरण गर्नु पर्दछ। तर सामुदायिक वन उपभोक्ता समूह गठन हुनु अगावै नेपाल सरकारबाट विकास आयोजनालाई प्रयोग गर्न दिईएका वनको हकमा प्राप्त वन पैदावार नेपाल सरकारको हुनेछ। विकास आयोजनाबाट हस्तान्तरण भइ प्राप्त भएको वन पैदावार प्रचलित कानुनी व्यवस्था बमोजिम डिभिजन वन कार्यालय र वन उपभोक्ता समूहले व्यवस्थापन गर्नु पर्दछ।

विकास आयोजना वा निकायलाई स्वीकृत दिएको वनबाट काठ, दाउरा सङ्कलन भएपछि कार्ययोजनाको वार्षिक स्वीकार्य कटान परिमाणलाई पुनरावलोकन गरी सम्वन्धित कार्यालय तथा वन समुहले कार्ययोजनामा समावेश गर्नु पर्दछ।

नेपाल सरकारबाट स्वीकृत भए बमोजिम राष्ट्रिय वन क्षेत्र भित्र विकास आयोजना सञ्चालन गर्दा ढुङ्गा, गिट्टी वा बालुवा निस्किएमा सम्बन्धित आयोजनाले वन नियमावली, २०७९ को अनुसूची (८) बमोजिम नदीजन्य वन पैदावारको लागि निर्धारण गरिए बमोजिमको दस्तुर बुझाई प्रयोग गर्न सक्नेछ। वन क्षेत्रमा विकास आयोजनाले काम गर्दा निस्किएको ढुङ्गा, गिट्टी वा बालुवा सम्बन्धित आयोजनाले प्रयोग नगरेमा डिभिजन वन कार्यालयको सिफारिसमा सम्बन्धित स्थानीय तहले खुला प्रतिस्पर्धाको आधारमा बिक्रि गर्नु पर्ने व्यवस्था रहेको छ।

## २.२० सट्टा जग्गामा बृक्षारोपण र वन क्षेत्र हस्तान्तरण गर्नु पर्ने

विकास आयोजनाले वन क्षेत्र प्रयोग गर्न स्वीकृत पाए बरावरको जग्गा नेपाल सरकारलाई रजिष्ट्रेसन पारित गरी उपलब्ध गराएको अवस्थामा उक्त जग्गामा विकास आयोजनाले आफ्नै खर्चमा सम्झौता बमोजिम वन विकास गर्नु पर्दछ । उक्त जग्गामा स्वीकृत नमर्श बमोजिम वृक्षरोपण गर्न पर्ने भए सो समेत गरी पाँच वर्ष सम्म रुख हुर्काउने तथा सम्भार समेतको प्रवन्ध आयोजना संचालकले गर्नु पर्नेछ । साथै विकास आयोजना कार्यान्वयन गर्दा रुख विरुवा हटाइने भएमा त्यस्तो रुख विरुवाको विभाग र आयोजना वीच भएको सम्झौता अनुसारको प्रतिशतका दरले तोकिएको जग्गामा बृक्षारोपण गरी उक्त रुख विरुवाको पाँच वर्षसम्म स्याहार, सम्भार र रेखदेख गरी वन विकास गर्नु पर्दछ । यसरी विकास आयोजनाले वन विकास गरेको उक्त वन क्षेत्रमा भएको रुख विरुवा तथा अन्य वन पैदावार पाँच बर्ष पछि डिभिवन वन कार्यालयलाई हस्तान्तरण गर्नु पर्दछ । विकास आयोजना आँफैले उपलब्ध गराएको जग्गामा र रुख हटाए बापत गर्नु पर्ने बृक्षारोपण गर्न नसक्ने भएमा विभागमा निवेदन दिई विभागबाट स्वीकृती भए अनुसार लागत अनुमान बमोजिमको रकम कोषमा जम्मा गर्नु पर्नेछ ।

## २.२१ खनिज कार्यका लागि वनक्षेत्र प्रयोग गर्न सक्ने

राष्ट्रिय वनभित्र खनिज पदार्थ भए नभएको अन्वेषण गर्नु पर्ने भएमा सम्वन्धित निकायको अनुरोधमा प्रदेश मन्त्रालयले अनुमति दिन सक्दछ । तर अन्वेषणबाट राष्ट्रिय वनभित्र सुन, चाँदी, तामा, फलाम जस्ता खनिज पदार्थ रहेको पत्ता लागी उत्खनन गर्नु परेमा वातावरणीय अध्ययन गरी उत्खनन् गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने भएमा त्यस्ता खनिज उत्खनन् गर्न नेपाल सरकारले वनक्षेत्र प्रयोग गर्न स्वीकृति दिन सक्दछ ।

खानी उत्खनन् गर्ने निकायले वन नियमावलीको नियम (९९) बमोजिमको कागजात मन्त्रालयमा पेश गर्नु पर्ने छ । विकास आयोजनाको स्थलगत विवरण डिभिजनल वन कार्यालयबाट माग गरी विभागले राय सहित मन्त्रालयमा पठाउनु पर्दछ । विभागले पेश गरेको दस्तावेज समेतको आधारमा मन्त्रालयले खनिज पदार्थ उत्खनन् गर्नका लागि वनक्षेत्र प्रयोग गर्न दिन उपर्युक्त हुने देखेमा सोको स्वीकृतिको लागि प्रस्ताव नेपाल सरकारमा पेश गर्ने र प्रस्ताव नेपाल सरकारले स्वीकृत गर्न सक्ने व्यवस्था रहेको छ ।

खनिज पदार्थ उत्खनन् गर्नका लागि स्वीकृति प्राप्त भएपछि उत्खनन् गर्ने क्षेत्र बरावरको जग्गा र रकम वन नियमावलीको नियम (९१) र (९३) क्रमश: हस्तान्तरण र वन विकास कोषमा जम्मा गर्नु पर्ने व्यवस्था रहेको छ । साथै स्वीकृत प्राप्त निकायले खानी उत्खनन् गर्न प्रति वर्ष चाहिने बरावरको जग्गाका रुख कटान र हरियाली कायम गर्ने योजना विभागमा पेश गरेपछि विभाग र स्वीकृति प्राप्त निकाय वीच सम्झौता हुन्छ । खनिज पदार्थ उत्खनन् गर्न स्वीकृति प्राप्त निकायले खनिज पदार्थ उत्खनन् गरेवापत नियमानुसार लाग्ने दस्तुर र वातावरणीय सेवा शुल्क सम्वन्धित निकाय मार्फत कोषमा दाखिला गर्नु पर्दछ । खनिज उत्खनन् गर्नेले वन्यजन्तु, तिनको वासस्थान र आवतजावतमा असर नपर्ने गरी खनिज पदार्थ उत्खनन् गर्नुपर्छ ।

## २.२२ निर्देशन पालनाको प्रावधान

राष्ट्रिय वनक्षेत्र प्रयोग गर्न र खनिज पदार्थ उत्खनन् गर्न स्वीकृत पाएको विकास आयोजनाले योजना कार्यान्वयन गर्दा शर्त बमोजिम वा वातावरणीय अध्ययनमा उल्लेख भएको गर्नु पर्ने काम भए/नभएको सम्वन्धमा वन तथा वातावरण मन्त्रालय, प्रदेश वन हेर्ने मन्त्रालय, वन तथा भू-संरक्षण विभाग, खानी तथा भू-गर्भ विभाग, प्रदेश वन निर्देशनालय र डिभिवन वन कार्यालयले अनुगमन गर्न सक्नेछ । विकास आयोजना (प्रस्तावक) र विभाग वीच भएको सम्झौताको पालना भए/नभएको सम्बन्धमा विभागले प्रदेश सरकार अन्तर्गतका कार्यालयको समन्वय र

सहकार्यमा नियमित अनुगमन गर्नु पर्नेछ। सम्झौताका कुनै शर्त विकास आयोजनाले पालना नगरेमा विभागले अवधि तोकी त्यस्तो शर्त पालना गर्न सम्बन्धित आयोजनालाई निर्देशन दिनु पर्दछ ।अनुगमन गर्ने निकायले वन क्षेत्र प्रयोग गर्ने सम्वन्धमा सम्वन्धित विकास आयोजनालाई जुनसुकै बखत सुधारका लागि आवश्यक सुझाव तथा निर्देशन दिन सक्नेछ। यसरी अनुगमन गर्ने निकायले दिएको सुझाव तथा निर्देशनको पालना गर्नु सम्वन्धित विकास आयोजना र खनिज उत्खनन् निकायको अनिवार्य कर्तब्य हुनेछ।

## २.२३ स्वीकृति नलिई वन क्षेत्रमा पूर्वाधार निर्माण गरे/गराएमा हुने कसूर र सजाय

नेपाल सरकार (मन्त्रिपरिषद्) को स्वीकृती भएका, प्रचलित वन कानूनमा उल्लेख भएका, स्वीकृत वन व्यवस्थापन योजना रहेका र वन कार्यालयको स्वीकृत कार्यक्रममा परेका बाहेक अन्य सामाजिक तथा पूर्वाधार विकासका योजना तथा कार्यक्रम राष्ट्रिय वन क्षेत्रमा कार्यान्वयन गर्न मिल्दैन। नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय बाहेक कुनै संघीय सरकारका मन्त्रालयको निर्णय, प्रदेश सरकारका मन्त्रालयको निर्णय, स्थानीय तह (नगर/गाउँपालिका) को कार्यपालिकाको निर्णय, कुनै जिल्ला स्थित कार्यालयको निर्णय वा कुनै निकाय/संस्थाको निर्णय छ भनी राष्ट्रिय वन क्षेत्रमा कुनै सामाजिक तथा पूर्वाधार निर्माणका योजना संचालन गर्न पाईदैन। स्वीकृत योजना बाहेक कुनै सरकारी तथा अर्धसरकारी निकायबाट राष्ट्रिय वन क्षेत्रमा काम गर्ने निर्णय गरी कार्यादेश दिएमा वा कुनै कार्य गरे/गराएमा वा सोको उद्योग गरेमा वन ऐन, २०७६ को दफा (४९) खण्ड (ग), (च) र (छ) बमोजिम कसूर गरेको ठहर्छ।

राष्ट्रिय वन फाँड्ने वा वन क्षेत्रको जग्गा जोत्ने, खन्ने, खनिजको उत्खनन गर्ने, आवाद गर्ने, सडक तथा अन्य पूर्वाधार निर्माण गर्ने, घर वा छाप्रो बनाउने, व्यवसाय संचालन गर्ने वा अतिक्रमण गर्ने काम कसैले गरे/गराएमा पाँच बर्ष सम्म कैद वा  एकलाख रुपैयासम्म जरिबाना वा दुवै सजाय हुने प्रावधान छ। अतिक्रमण गरेको त्यस्तो जग्गा राष्ट्रिय वनमा समावेश गरी सो जग्गामा बनाएको घर वा छाप्रो र प्रयोग भएका मेसिनरी औजार, साधन समेत जफत हुन्छ। त्यस्तो कसूर गर्दा वन पैदावार हटाएको वा नोक्सानी गरेको भए निजलाई सो बापत हुने सजाय समेत हुनेछ भन्ने व्यवस्था वन ऐन, २०७६ को दफा (५०) को उपदफा (३) मा रहेको छ। साथै वन कसूरमा दुरुत्साहन दिने वा मिलेमतो गर्ने व्यक्तिलाई कसुरदारलाई हुने सजाँयको आधा सजाँय हुने व्यवस्था वन ऐन २०७६ को दफा (५०) मा रहेको छ।

अतः राष्ट्रिय वन क्षेत्रमा स्वीकृति विना कुनै विकास योजना कार्यान्वयन गर्न निर्णय गर्ने, योजनाको लागत अनुमान र विस्तृत अनुमान तयार गर्ने, स्वीकृत गर्ने, योजना कार्यान्वयन गर्न कार्यादेश दिने राष्ट्रसेवक कर्मचारी तथा सार्वजनिक पदाधिकारीहरु र सम्झौता गरी कार्यान्वयन गर्ने उपभोक्ता समिति वा ठेकेदार समेत विरुद्ध वनक्षेत्र अतिक्रमण गरी पूर्वाधार बनाएको कसूर अपराधमा फौजदारी मुद्दा समेत चल्ने हुँदा कोही कसैले कुनै पनि बाहनामा राष्ट्रिय वन क्षेत्रमा उल्लेखित कार्य गर्नु गराउनु हुँदैन।

## २.२४ निष्कर्ष

वन नेपालको महत्वपूर्ण नवीकरणीय प्राकृतिक सम्पदा हो। एकातर्फ यस वन सम्पदालाई अन्तरपुस्ता वीचको समन्यायको मान्यतालाई ध्यान दिई बुद्धिमत्तापूर्ण रुपले दिगो रुपमा उपयोग गर्नु पर्दछ भने अर्कोतर्फ वातावरण सन्तुलनका लागि राष्ट्रको आवश्यक भू-भागमा वन क्षेत्र कायम राख्नु परेको छ। वन क्षेत्र घट्न नदिन राष्ट्रिय वन क्षेत्रको भू-स्वामित्व नेपाल सरकारमा रहने र नेपाल सरकार (मन्त्रिपरिषद्) को स्वीकृति विना वन क्षेत्र अन्य प्रयोजनमा प्रयोग गर्न नपाउने कसिला कानूनी प्रावधानको व्यवस्था गरिएको छ। यद्यपी, राष्ट्रिय हित, आवश्यकता र राष्ट्र विकासको लागि निर्माण गर्नु पर्ने राष्ट्रिय प्राथमिकता प्राप्त र राष्ट्रिय गौरबका विकासका संरचनाहरु अन्य विकल्प नभएको अवस्थामा वन क्षेत्रमा बनाउन परिरहेको छ। संघीय, प्रदेशिक र स्थानीय सरकारका निकायहरु र

निजी क्षेत्र समेतले प्रस्ताव गरेका विकास आयोजनाहरु निर्माण गर्नु अगाडी संभाव्यता र वातावरणीय अध्ययन गर्ने र अध्ययनबाट वन क्षेत्र नै प्रयोग गर्नु पर्ने देखिएको औचित्व र कारण खुलाई पेश गरेमा नेपाल सरकारले स्वीकृति दिन सक्ने कानूनी प्रावधान रहेको छ। वन क्षेत्रको जग्गा प्रयोग गर्नु परेको अवस्थामा सो जग्गा बरावरको जग्गा वन विकास नेपाल सरकारलाई आयोजनाले दिनु पर्ने र वन विकासका कार्य गरी वन कार्यालयलाई बुझाउनु पर्ने विद्यमान व्यवस्था छ। यस कार्यमा मन्त्रालय, विभाग, निर्देशनालय र डिभिजन वन कार्यायलबाट सहजीकरण भई रहेको छ। वन क्षेत्रको जग्गा प्राप्त गर्ने प्रकृया अवलम्वन नगरी कसैले अनुमति विना राष्ट्रिय वन क्षेत्रमा अतिक्रमण गरी कुनै पूर्वाधार संरचना निर्माण गरे गराएमा वन ऐन अनुसार कार्वाही हुन्छ। तसर्थ, विकासका पूर्वाधार निर्माण गर्ने क्रममा सके सम्म वन क्षेत्र पर्ने गरी योजना प्रस्ताव नगरौं। राष्ट्रिय वन क्षेत्र प्रयोग गर्नै पर्ने प्रस्ताव भएमा प्रचलित कानूनी प्रकृया पालना गरी स्वीकृत लिएर मात्र कार्यान्वयन गरौं।

वन क्षेत्रमा पूर्वाधार निर्माण गर्दा
वन्यजन्तु मैत्री पूर्वाधार निर्माण गरौं ।

विकास र वन्यजन्तु बीच सह-अस्तित्व कायम गरौं ।




राष्ट्रिय वन क्षेत्रमा निर्माणाधिन रानिजमरा कुलरीया नहर, कैलाली

पृथ्वी सबै प्राणीहरूको साझा घर हो ।
हामी पनि रहौं, अरू प्राणीहरूलाई पनि रहन दिऔं ॥